# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः २३ का.पा.बाट पारित मितिः २०८१।११।१९

प्रमाणिकरण मितिः २०८१।११।२६

प्रकाशन मितिः २०८१।११।२६


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१

**प्रस्तावनाः** विश्वव्यापी दिगो विकासको लक्ष्यअनुरुप सबै विद्यालयहरुमा आधारभूत खानेपानी, सरसफाई र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क तोकेको, नेपालको संविधानको भाग ३ अन्तर्गत रहेका मौलिक हकहरुमध्ये धारा ३५ स्वास्थ्य सम्बन्धी हकको उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक सुनिश्चित गरेको र विद्यालय क्षेत्र विकास योजनाले गुणस्तरीय शिक्षाका लागि विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाईका सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रुपमा लिएको सन्दर्भमा सबै विद्यालयहरुमा खानेपानी र सरसफाईको सुविधा एवं स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा एकरुपता ल्याई सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न वाञ्छनीय भएकोले ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८१"** रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्दछ।

(ख) **"विद्यालय"** भन्नाले यस नगरपालिकामा रहेका सबै किसिमका विद्यालयहरु सम्झनु पर्दछ।

(ग) **"सामाजिक विकास समिति"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिका अन्तर्गतको सामाजिक विकास समिति सम्झनु पर्दछ।

(घ) **"समिति"** भन्नाले कार्यविधिको दफा ७ को उपदफा १ बमोजिम गठित विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति सम्झनु पर्दछ ।

(ङ) **"विद्यालय खानेपानी"** भन्नाले विद्यालय हाताभित्र नेपाल खानेपानी गुणस्तर मापदण्ड, २००५ अनुसार निरन्तर रुपमा उपलब्ध छात्र, छात्रा, शिक्षक, कर्मचारी लगायतका व्यक्तिहरूको मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरू नरहेको पानी सम्झनु पर्दछ।

(च) **"विद्यालय सरसफाई"** भन्नाले छात्र, छात्रा, शिक्षक तथा कर्मचारीहरूको मलमूत्रको सुरक्षित विसर्जनका लागि विद्यालय हातामा बाल, लैङ्गिक तथा अपाङ्गमैत्री लगायत गोपनीय एवं व्यवस्थित शौचालयको सुविधा सम्झनु पर्दछ। सो शब्दले फोहरमैला सङ्कलन र फोहोर पानीको सुरक्षित विसर्जन मार्फत स्वच्छता कायम गर्नु समेतलाई बुझाउँदछ।

(छ) **"विद्यालय स्वच्छता"** भन्नाले विद्यालयको वातावरण सफा गर्न, रोगको विस्तार रोक्न र विद्यालयमा छात्र तथा छात्राहरू, शिक्षक तथा कर्मचारीहरूलाई बिरामी हुनबाट बच्न अपनाईने साबुनपानीले हात धुने, महिनावारी स्वच्छता, खाना तथा खाजाको स्वच्छता व्यवस्थापन लगायत सम्पूर्ण व्यवहारहरू सम्झनु पर्दछ।

(ज) **"तारा पद्धति"** भन्नाले विद्यालयमा विद्यमान खानेपानी र सरसफाईका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएका सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाबाट तोकिएको समितिले प्रमाणीकरण गरे अनुसार एक, दुई वा तीन तारामा वर्गीकरण गरी खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धति सम्झनु पर्दछ।

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०८१

(झ) **"बाल क्लब"** भन्नाले विद्यालयमा बालबालिकालाई आफै गरेर सिक्ने क्षमता र सामूहिक भावना विकास गर्दै बालबालिकाहरुद्धारा बाल सहभागितामा गठित विभिन्न विषयसँग सम्बन्धित समिति वा समूह सम्झनु पर्दछ।

(ञ) **"वास"** भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सम्झनु पर्दछ।

## परिच्छेद-२

## लक्ष्य, उद्देश्य तथा रणनीति

**३. लक्ष्यः** सबै प्रकारका विद्यालयमा दिगो खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरण सिर्जना गर्ने।

**४. उद्देश्यहरुः**

(१) विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाई तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने।

(२) तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने।

(३) विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाईका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने।

(४) विद्यालयमा वास व्यवस्थापन र सञ्चालन प्रक्रियालाई स्वचालित र दिगो बनाउने।

**५. रणनीतिहरुः**

(१) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी विषयहरूलाई नगरपालिका र वडा तहका योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।

(२) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालय, संयुक्त राष्ट्र सङ्घ, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय, सहकार्य र साझेदारी गर्ने।

(३) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताको विषयलाई विद्यालय सुधार योजनामा समावेश गर्ने।

(४) विद्यालयमा खानेपानी र सरसफाईका सुविधा र स्वच्छता प्रवर्द्धनका लागि निरन्तर स्वमूल्याङ्कन पद्धति विकास गरी अवलम्बन गर्ने।

(५) बाल क्लब, विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति र सरोकारवालाहरुको क्षमता विकास गर्ने।

(६) विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता कायम गर्ने कार्यलाई नियमित सिकाइ क्रियाकलापसँग आवद्ध गर्ने/गराउने।

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१

(७) विद्यालयमा रहेका खानेपानी, सरसफाई तथा स्वच्छता संरचना मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार कोष स्थापना गरी परिचालन गर्ने।

## परिच्छेद-३

## विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका मापदण्ड

**६. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका मापदण्ड र विद्यालयहरुको वर्गीकरणः**

(१) सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाई, फूललवारी तथा हरियाली वातावरण, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, प्राथमिक उपचार सेवा, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार सहितका मापदण्ड हुनेछन्।

(२) विद्यालयहरुमा खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्थालाई मूल्याङ्कन गरी विद्यालयहरुलाई वर्गीकरण गर्न तारा पद्धति अवलम्वन गरिनेछ र मूल्याङ्कनका मापदण्डहरु **अनुसूची-१** बमोजिम हुनेछन्।

(३) विद्यालयमा विद्यमान खानेपानी, सरसफाई एवं स्वच्छताको अवस्था मूल्याङ्कन गरी विद्यालयलाई उत्कृष्ट (तीन तारा), मध्यम (दुई तारा) र सुधारोन्मुख (एक तारा) गरी तीन वर्गमा वर्गीकरण गरिनेछ।

(४) यस कार्यविधिका आधारमा पहिचान भएका उत्कृष्ट विद्यालयका लागि तीन तारा, मध्यम अवस्थाका लागि दुई तारा र सुधारोन्मुख अवस्थाका लागि एक तारा दिई सबैले देख्न सक्ने ठाउँमा प्रदर्शन गर्ने व्यवस्था विद्यालयले मिलाउनु पर्नेछ।

## परिच्छेद-४

## विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति सम्बन्धी व्यवस्था

**७. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिः** (१) प्रत्येक विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापन कार्यमा सहयोग गर्नका लागि देहायका सदस्यहरु रहेको एक विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(ग) शिक्षक अभिभावक सङ्घले आफूमध्येबाट छानी पठाएको एक जना महिला सदस्य - सदस्य

(घ) विद्यालय सेवा क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको एक जना प्रतिनिधि - सदस्य

(ङ) बाल क्लबले क्लबबाट छानी पठाएको एक जना छात्रा सहित दुई जना - सदस्य

(च) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्पर्क शिक्षक (फोकल शिक्षक) - सदस्य सचिव

(२) समितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

(३) समितिको बैठक सो समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(४) समितिको बैठकको कार्यसूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

(५) समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्येबाट उमेरले ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**८. समितिको काम, कर्तव्य र अधिकारः**

(१) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाहरुको सुनिश्चितताका लागि सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन गर्ने।

(२) विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(३) विद्यालय सुधार योजनामा खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरु समावेश गराई स्वच्छताको अभ्यास गराउने वातावरण तयार गर्ने।

(४) विद्यालयलाई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्याउनका लागि आवश्यक स्रोतहरुको खोजी र व्यवस्थापन गर्ने।

(५) विद्यालयका खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाहरुको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने।

(६) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताको स्वअनुगमन फाराम भरी विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने।

(७) विद्यालयलाई तीन तारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन, प्रशासन र बाल क्लवसँग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरु गर्ने।

(८) विद्यालयस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समीक्षा तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी वर्षभरिमा उत्कृष्ट कार्य गर्ने अभिभावक, शिक्षक, कर्मचारी एवं विद्यार्थीहरुलाई पुरस्कृत गर्ने।

(९) मर्मत सम्भार कोष स्थापना, कोष वृद्धि र कोषको सदुपयोग गर्ने/गराउने।

(१०) विद्यालयमा गठित नेपाल जुनियर रेडक्रस, वातावरण क्लब, इको क्लब लगायत विद्यार्थीद्वारा गठित क्लब एवं सरोकारवाला व्यक्ति, सङ्घसंस्था र निकायसँग सम्पर्क र समन्वय गर्ने/गराउने।

## परिच्छेद-५

## स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणीकरण

**९. विद्यालय स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणीकरण प्रक्रियाः**

(१) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले शैक्षिक शत्र शुरु भएको दुई महिनाभित्र अनुसूची-१ अनुसारका सूचक/मापदण्डहरुको आधारमा **अनुसूची-२** अनुसार स्वमूल्याङ्कन गर्नु पर्नेछ।

(२) समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम विद्यालय व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(३) विद्यालय व्यवस्थापन समितिले प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र आफ्नो राय सहित स्वमूल्याङ्कन फाराम प्रमाणीकरणका लागि ठाकुरबाबा नगरपालिकाको सामाजिक विकास समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) सामाजिक विकास समितिले प्राविधिक सहित विद्यालयको स्थलगत अनुगमन तथा मूल्याङ्कन गरेर तारा निर्धारण गरी विद्यालयलाई जानकारी गराउनु पर्नेछ।

(५) लगातार दुई पटकको वार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा सम्बन्धित नगरपालिकास्तरीय शिक्षा समितिले त्यस्ता विद्यालय तथा यस कार्यमा योगदान गर्ने व्यक्ति/संस्थालाई पुरस्कृत गर्नका लागि सिफारिस गर्न सक्नेछ।

(६) विद्यालयको नियमित अनुगमन गरी शिक्षा सुपरीवेक्षक, वडा तथा नगरपालिका र अन्य सरोकारवाला व्यक्ति, सङ्घसंस्था वा निकायले वास व्यवस्थापनका लागि विद्यालय प्रशासन र शिक्षा समितिलाई सुझाव दिन सक्नेछन्।

(७) तारा वृद्धि गर्न तथा कायम गर्नका लागि विद्यालयले अनिवार्य रुपमा **अनुसूची-३** बमोजिमको ढाँचामा कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद-६

## क्षमता विकास तथा वित्तीय व्यवस्थापन

**१०. क्षमता विकासका क्रियाकलापः** विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि विभिन्न तहमा क्षमता विकासका देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन हुनेछन्ः-

(क) सङ्घीय सरकारसँगको समन्वयमा विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि नीतिगत विषयमा गोष्ठी, सेमिनारहरुको आयोजना गरिनेछ।

(ख) प्रदेश सरकारसँगको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालाहरुलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी सिकाइ आदानप्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरुको आयोजना गरिनेछ।

(ग) स्थानीय सरकारसँगको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय, नगरपालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, नगरपालिकास्तरीय शिक्षा समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक सङ्घ र बाल क्लब समेतलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ।

(घ) अन्तर विद्यालयको समन्वयमा शैक्षिक भ्रमणको आयोजना गरी विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनको सफता सिकाइ अवलम्बन गरिनेछ।

(ङ) विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छताका आधार र सूचकहरुलाई लक्षित गरी विद्यालयस्तरीय निबन्ध, वक्तृत्वकला, कविता, हाजिरीजवाफ, नाटक जस्ता प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना गरिनेछ।

**११. मर्मत सम्भार कोषः** विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन लगायतका सुविधाहरुको मर्मत सम्भार एवं स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरुबाट छुट्टै मर्मत सम्भार कोषको व्यवस्था गर्न सक्नेछः-

(क) सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम

(ख) विकासका साझेदारहरु लगायत अन्य सरोकारवाला सङ्घसंस्थाबाट नियमानुसार प्राप्त सहयोग

(ग) अन्य व्यक्ति वा निकायहरुबाट प्राप्त दानदातव्य तथा पुरस्कार

(घ) विद्यालय स्वयंले सङ्कलन तथा विनियोजन गरेका रकम

**१२. मर्मत सम्भार कोषको परिचालनः** विद्यालयले मर्मत सम्भार कोषबाट देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछः-

(क) विद्यालय खानेपानी तथा सरसफाईका सुविधा तथा संरचनाहरुको मर्मत सम्भार गर्न

(ख) सरसफाई सामाग्रीहरु (ब्रस, साबुन, हार्पिक, फिनेल आदि) व्यवस्थापन गर्न

(ग) मर्मत सम्भारका लागि आवश्यक पर्ने औजार तथा सामाग्रीहरुको व्यवस्था लगायत अन्य आवश्यक कार्यहरु गर्न

(घ) अनुसूची-१ बमोजिमका मापदण्डहरुको आधारमा स्तरोन्नतिसँग सम्बन्धित कार्यहरु गर्न।

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०८१

## परिच्छेद-७

## विभिन्न निकायहरुको भूमिका

**१३. विभिन्न निकायहरुको भूमिकाः** सबै विद्यालयहरुमा खानेपानी र सरसफाईका सुविधा एवं स्वच्छता प्रवर्द्धनमा एकरुपता ल्याई बालबालिकाहरुको विद्यालयमा उपस्थित हुने दरमा वृद्धि गरी सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न देहायका निकायहरुको भूमिका देहाय बमोजिम रहनेछः-

**१३.१ नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिः**

(क) नगर सभालाई कानून बनाउन र कार्यान्वयन गर्न सहयोग गर्ने।

(ख) विद्यालयस्तरमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि बजेट व्यवस्थापन गर्ने।

(ग) सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने।

(घ) नगर शिक्षा समिति मार्फत प्राप्त भएको तोकिएको मापदण्ड बमोजिम कमजोर देखिएका विद्यालयहरुलाई प्राथमिकताका आधारमा खानेपानी तथा सरसफाईका सुविधाहरू निर्माणमा सहयोग गर्ने।

(ङ) विद्यालयहरूको अनुगमन, सुपरीवेक्षण तथा कार्य सम्पादन मूल्याङ्कन गरी शिक्षा समितिलाई सल्लाह सुझाव दिने।

(च) शिक्षक र विद्यालय व्यवस्थापन समितिहरूको क्षमता विकासमा सहयोग गर्ने।

(छ) नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छताका सुविधा पुगेको र प्रयोग भई रहेको सुनिश्चितता गर्ने।

**१३.२ सामाजिक विकास समितिः**

(क) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी रणनीतिक योजना तयारी तथा बजेटका व्यवस्थापन गर्ने।

(ख) सूचना, शिक्षा, सञ्चारसँग सम्बन्धित श्रव्यदृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने।

(ग) सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने।

(घ) नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छताका सुविधा पुगेको र प्रयोग भई रहेको सुनिश्चितता गर्ने।

(ङ) अनुगमन तथा मूल्याङ्कन गरी/गराई विद्यालयहरुको तारा प्रमाणीकरण गर्ने।

(च) मापदण्ड पूरा नभएका विद्यालयहरुको स्तर वृद्धिको लागि आवश्यक बजेट व्यवस्थापन गर्न नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति र नगर कार्यपालिकालाई सिफारिस गर्ने।

(छ) विद्यालयमा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता, स्वास्थ्य, खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी सेवा विस्तारका लागि योजनाबद्ध सहयोग गर्ने।

**१३.३ विद्यालय व्यवस्थापन समितिः**

(क) योजना निर्माण, समन्वय, अनुगमन तथा सुपरीवेक्षण गर्ने।

(ख) सकेसम्म स्थानीय सामग्रीको प्रयोग गरी विद्यालयमा खानेपानी तथा सरसफाईका सुविधाहरू

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०८१

सुनिश्चित गर्ने।

(ग) मर्मत सम्भार कोष स्थापना, रकम सङ्कलन तथा परिचालन गर्ने।

(घ) विद्यालयको आम्दानीबाट निश्चित प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गरी वास व्यवस्थापनमा प्रयोग गर्ने व्यवस्था मिलाउने।

(ङ) समितिले पेश गरेको स्वमूल्याङ्कन फाराम समीक्षा गरी आवश्यकता अनुसार पुनरावलोकनका लागि सोही समितिमा पठाउने र प्रमाणीकरणको लागि शिक्षा समिति समक्ष पेश गर्ने।

**१३.४ प्रधानाध्यापकः**

(क) खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा, समन्वय, सञ्चार र कार्यान्वयन गर्न खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई सहयोग गर्ने।

(ख) समितिले तयार गरेको योजना तथा प्रस्तावित कार्यक्रमलाई विद्यालय सुधार योजनामा समावेश गर्ने।

(ग) खानेपानी र सरसफाईमा तीन ताराको अवस्था हासिल गरी यसलाई कायम राख्न आवश्यक व्यवस्था गर्ने।

(घ) कार्यरत शिक्षकमध्ये उपलब्ध भएसम्म एक जना महिला शिक्षकलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्पर्क/फोकल शिक्षक तोक्ने।

(ङ) सम्पर्क/फोकल शिक्षक तथा अन्य शिक्षकहरुलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी हरेक क्रियाकलापहरुमा सहभागिताको सुनिश्चितता गर्ने।

(च) विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्ने।

(छ) विद्यालयले विषयसँग सम्बन्धित नियमित शिक्षण सिकाइ गर्दा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी विषय समावेश गरी पठनपाठन गराउने व्यवस्था मिलाउने।

(ज) वास सम्बन्धी सम्पूर्ण साधन, स्रोत र संरचनाको सुरक्षा एवम् सम्वर्द्धन गर्ने/गराउने।

**१३.५ अभिभावकः**

(क) विद्यालयमा खानेपानी तथा सरसफाईका सुविधाहरू निर्माण तथा मर्मत सम्भार गर्न सहयोग गर्ने।

(ख) विद्यालयमा सुरक्षित र नियमित खानेपानी आपूर्तिको व्यवस्था मिलाउन सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँग समन्वय गरी आवश्यक सहयोग पुर्याउने।

(ग) आ-आफ्ना बालबालिकाहरूलाई जीवन पद्धतिकै रूपमा स्वच्छकर आनीबानी अपनाउन उत्प्रेरित गर्ने।

(घ) समय-समयमा विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाहरुको अनुगमन गरी सम्पर्क शिक्षक र प्रधानाध्यापकलाई पृष्ठपोषण दिने ।

(ङ) विद्यालयमा स्वास्थ्य तथा पोषणको उचित व्यवस्थापन गर्न सहयोग गर्ने।

**१३.६ बाल क्लबः**

(क) विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने।

(ख) उपयुक्त, स्वच्छकर आनीबानी अपनाउने र सहपाठीहरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने।

(ग) सफलताका कथाहरूको सङ्कलन र प्रदर्शन गर्ने।

(घ) घर परिवार, अभिभावक, सहपाठीहरू र समुदायलाई सुरक्षित पानी पिउन, शौचालयको स्वस्थकर प्रयोग, साबुनपानीले हातधुने बानी बसाल्ने, महिनावारी स्वच्छता व्यवस्थापन लगायत विद्यालय परिसर सफा र हरियाली कायम गर्न उत्प्रेरित गर्ने।

(ङ) सांस्कृतिक तथा अन्य कार्यक्रमहरुको आयोजना गरी मर्मत सम्भार कोष वृद्धि गर्ने।

(च) मापदण्ड र सूचकअनुसार आफ्नो उपलब्धिमा सुधार गर्न सहयोगी निकायको पहिचान गरी सहयोगको लागि समन्वय समिति मार्फत पहल गर्ने।

(छ) घरायसी सरसफाई सुधार र जीवन उपयोगी सीप प्रवर्द्धनका लागि एक विद्यार्थी अर्को विद्यार्थीको घरमा समूह बनाई अवलोकन भ्रमण गर्ने।

(ज) आचारसंहिता निर्माण गर्ने र कार्यान्वयन भए/नभएको अनुगमन गरी प्रधानाध्यापकलाई प्रतिवेदन पेश गर्ने।

**१३.७ विद्यार्थीः**

(क) सफा सुग्घर भई औपचारिक पोशाकमा विद्यालय आउने।

(ख) विद्यालयले तोकेको पालो अनुसार कक्षा कोठा, परिसर, धारा र शौचालय सरसफाईको प्रबन्ध गर्ने।

(ग) काम सकेपछि पानीका धारा बन्द गर्ने।

(घ) शौचालय प्रयोग गरेपछि पानी राखी सफा गर्ने।

(ङ) विद्यालयले आयोजना गर्ने खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने।

(च) वास व्यवस्थापन सम्बन्धी आचारसंहिता निर्माण गरी त्यसको कार्यान्वयन गर्ने।

**१३.८ विकास साझेदारहरुः**

(क) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने।

(ख) विपद्को समयमा विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका लागि मानवीय सहयोग

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन कार्यविधि, २०८१

उपलब्ध गराउने।

(ग) क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने।

(घ) चेतनामूलक सामग्रीहरूको विकास र वितरणमा सहयोग गर्ने।

(ङ) असल अभ्यासहरुको सङ्कलन गरी छपाई तथा वितरण गर्ने।

(च) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका कार्यहरूमा सचेतना/सहभागिता अभिवृद्धि गर्ने।

(छ) दिगो नीतिगत तथा संरचनागत वास संरचनाको विकास गर्नका लागि आवश्यक साधनस्रोत सहयोग तथा साझेदारी गर्ने।

## परिच्छेद-८

## विविध

**१४. योजनामा समावेश गर्नेः** विद्यालयहरुले विद्यालय सुधार योजना र नमूना विद्यालय विकासका लागि छनोट भएका विद्यालयले गुरुयोजना निर्माण एवम् परिष्कृत गर्दा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता एवम् स्वास्थ्य र खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

**१५. एकीकृत तथा सहभागितामूलक विधिः** (१) विद्यालयको शैक्षिक, आर्थिक, सामाजिक, वातावरणीय, भौतिक तथा मानवीय पक्षमा सुधार एवम् सोसम्बन्धी सेवा प्रवाह सबलीकरण कार्यमा एकीकृत र सहभागितामूलक विधि अपनाउनु पर्नेछ।

(२) विद्यालयले विशिष्ट रुपमा सञ्चालन गर्न खोजेका कार्यलाई प्रचलित ऐन कानूनसँग नबाझिने गरी आवश्यक व्यवस्थापन गरी कार्यान्वयन गर्न सकिनेछ।

**१६. नमूना विद्यालयहरुको लागि विशेष शर्तः** (१) नमुना विद्यालय विकासका लागि छनोट भई अनुदान प्राप्त गरेका सबै सामुदायिक विद्यालयहरुले आगामी शैक्षिक शत्रभित्रमा विद्यालय खानेपानी, सरसफाई तथा स्वचछता सुविधाका सूचकहरुमा अनिवार्य रुपमा तीन तारा हासिल गरिसक्नु पर्नेछ।

(२) भौतिक व्यवस्थापन, शैक्षिक गतिविधि सञ्चालन तथा शिक्षण सिकाइ, योजना निर्माण, समन्वय र योजना कार्यान्वयन, विद्यालयको अभिलेख व्यवस्थापन, संस्थागत क्षमता तथा सुशासन र विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छतामा तीन तारा घोषणा गरी न्यूनतम पाँच वटा क्षेत्रमा नमूना कार्य गरेमा मात्र पूर्ण रुपमा नमूना विद्यालय भनी मूल्याङ्कन तथा घोषणा गरिनेछ।

**१७. संशोधन तथा बाधा अड्काउ फुकाउः** यस कार्यविधि आवश्यकतानुसार संशोधन गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ।

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१

## अनुसूची-१

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

### विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका मापदण्डहरु

विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताको उपलब्धतालाई मूल्याङ्कन गरी स्तरीकरण गर्न देहायका सूचकहरूको आधारमा तारा पद्धति बमोजिम वर्गीकरण गरिनेछ।

| क्र. सं. | आधारहरु | सूचकहरु (तारा प्राप्त गर्ने आधार वा मापदण्डहरु) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| १ | पानी | पानी पिउन, हात धुन र सरसफाई गर्नका लागि पानीको उपलब्धता | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएको पानीको व्यवस्था | सबै बालबालिकाहरुको पहुँच सहितको पिउन र सरसफाईका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग शौचालय भएको | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग शौचालय भएको बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री युरिनल र पानी सहितको धारा भएको शौचालयको व्यवस्था | सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री (२५ छात्रा र ४० छात्रहरुको अनुपातमा) पर्याप्त पानीसहितको शौचालयको सुविधासहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको |
| ३ | वातावरणीय सरसफाई | ठोस फोहरलाई डस्टबिनमा सङ्कलन गरी समय समयमा विसर्जन गर्ने गरिएको | ठोस फोहरहरूलाई सिसा वा धातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक विसर्जन गर्ने गरिएको | सामग्रीहरूको प्रयोग घटाउन, पुनः प्रयोग गर्न र पुनः चक्रणका पद्धति लागू गरी फोहोरको व्यवस्थापन गरिएको |
| ४ | सफा र हरियाली वातावरण | विद्यालय सेवा क्षेत्र खुला दिसा मुक्त घोषणा भएको | विद्यालय परिसरभित्र फूलहरू रोपी बगैंचाको व्यवस्था भएको | विद्यालयभित्र उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा तथा करेसाबारीको विकास गरिएको |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हात धुने सुविधा भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० को अनुपातमा एक धारा) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैंचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको, पाँच | विद्यार्थीहरूको व्यवहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाई र स्वच्छता व्यवहार (समूहमा हात धुने, |

| | | | | |
|---|---|---|---|---|
| | | कक्षाभन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको | | व्यक्तिगत सरसफाई र शौचालयको सरसफाई गर्ने) का आधारमा अङ्क दिने पद्धति अवलम्बन गरिएको |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकनसहितको डस्टबिन राखिएको | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्याडको व्यवस्था र प्रयोग गरिएका प्याडहरूको सुरक्षित विसर्जन गर्ने गरिएको | छात्राहरूले पुनः प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सिकी वा स्वस्थकर प्याड प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेको |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाई तथा स्वच्छता योजना समावेश भएको | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूका व्यवस्था भएका र नियमित रूपमा तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाई गर्ने गरिएको |
| ९ | विपद् जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता समेतको विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | खानेपानी तथा सरसफाईका संरचनाहरू नेपाल सरकारका स्वीकृत मापदण्ड (विपद् जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा शौचालयको सफाई र साबुन पानीले हात धुने गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाई तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमूलक सामग्री र सेनिटरी प्याड) को स्थापना गरिएको |

- एक, दुई र तीन तारामध्ये पूरा भएकोमा चिह्न (√) र नभएकोमा चिह्न (X) लगाउनुपर्नेछ।
- एक ताराका सबै सूचक पूरा गरेपछि "एक तारा" तोक्न सकिनेछ, एक तारा र दुई ताराका सबै सूचक पूरा गरेपछि "दुई तारा" र एक तारा, दुई तारा र तीन ताराका सबै सूचक पूरा गरेपछि मात्र "तीन तारा" तोक्न सकिनेछ।

## अनुसूची-२

(दफा ९ को उपदफा १ सँग सम्बन्धित)

### विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता स्वमूल्याङ्कन फाराम

विद्यालयको नामः ...................................... विद्यालयको कोड नं.: ............. शैक्षिक शत्रः ............

प्रदेशः ..................... जिल्ला .......................... स्थानीय तह ........................... वडा नं.: ...........

| क्र. सं. | आधारहरु | विद्यालयले तारा प्राप्त गर्ने मापदण्डहरु (निम्नलिखित एक तारा, दुई तारा वा तीन ताराको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) र ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहीअनुसार अङ्क लेख्ने) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | एक तारा | | दुई तारा | | तीन तारा | |
| १ | पानी | पिउन, हात धुन र सरसफाई गर्नका लागि पानीको उपलब्धता | | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएको पानीको व्यवस्था | | सबै बालबालिकाहरुको पहुँच सहितको पिउन र सरसफाईका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता | |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितको अलग अलग शौचालय भएको | | बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री युरिनल र पानी सहितको धारा भएको शौचालयको व्यवस्था | | सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री (२५ छात्रा र ४० छात्रहरुको अनुपातमा) पर्याप्त पानी सहितको शौचालयको सुविधासहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको | |
| ३ | वातावरणीय सरसफाई | ठोस फोहरलाई डस्टबिनमा सङ्कलन गरी समय समयमा विसर्जन गर्ने गरिएको | | ठोस फोहरहरूलाई सिसा वा धातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक विसर्जन गर्ने गरिएको | | सामग्रीहरूको प्रयोग घटाउन, पुनः प्रयोग गर्न र पुनः चक्रणका पद्धति लागू गरी फोहोरको व्यवस्थापन गरिएको | |
| ४ | सफा र हरियाली वातावरण | विद्यालय सेवा क्षेत्र खुला दिसा मुक्त घोषणा भएको | | विद्यालय परिसरभित्र फूलहरू रोपी बगैंचाको व्यवस्था भएको | | विद्यालयभित्र उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा तथा करेसाबारीको विकास गरिएको | |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हात धुने सुविधा भएको | | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको | | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० को अनुपातमा एक धारा) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैंचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको | |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको, पाँच कक्षाभन्दा माथि | | विद्यार्थीहरूको व्यवहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाई र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाई र शौचालयको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको | | | | सरसफाई गर्ने) का आधारमा अङ्क दिने पद्धति अवलम्बन गरिएको | |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकनसहितको डस्टबिन राखिएको | | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्याडको व्यवस्था र प्रयोग गरिएका प्याडहरूको सुरक्षित विसर्जन गर्ने गरिएको | | छात्राहरूले पुनः प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सिकी वा स्वस्थकर प्याड प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेको | |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भएको | | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाई तथा स्वच्छता योजना समावेश भएको | | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूका व्यवस्था भएका र नियमित रूपमा तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाई गर्ने गरिएको | |
| ९ | विपद् जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएको | | खानेपानी, सरसफाई तथा स्वच्छता समेतको विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | | खानेपानी तथा सरसफाईका संरचनाहरू नेपाल सरकारका स्वीकृत मापदण्ड (विपद् जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको | |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरिएको | | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा शौचालयको सफाई र साबुन पानीले हात धुने गरिएको | | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाई तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमूलक सामग्री र सेनिटरी प्याड) को स्थापना गरिएको | |

ठाकुरबाबा नगरपालिका विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१

## अनुसूची-३

(दफा ९ को उपदफा ७ सँग सम्बन्धित)

### स्वमूल्याङ्कनको विश्लेषणका आधारमा स्तरोन्नतिका लागि कार्ययोजनाको ढाँचा

विद्यालयको नामः ..................................... विद्यालयको कोड नं.: ............. शैक्षिक शत्रः .................

प्रदेशः ..................... जिल्ला ......................... स्थानीय तह .......................... वडा नं.: ................

| सूचकहरु | सुधार गर्नुपर्ने मुख्य कार्यहरु | | जिम्मेवार व्यक्ति/संस्था | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| पानी | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| शौचालय | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| वातावरणीय सरसफाई | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| सफा र हरियाली वातावरण | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| स्वच्छता सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| स्वच्छता शिक्षा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| संस्थागत व्यवस्था र दिगोपना | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| विपद् जोखिम व्यवस्थापन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| अनुगमन तथा जवाफदेहिता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

ठाकुरबाबा नगरपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१

**<u>आज्ञाले</u>**

नारायण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत